# चामुण्डाविन्द्रासैनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध ,दैलेख

पत्र संख्या : २०७६/०७७ (पूर्वाधार वि.तथा वा.व्य.शाखा)
चलानी नम्बर:

कर्णाली प्रदेश ,नेपाल

**विषय: वोलपत्र आव्हान गरिएको सूचना ।**
**प्रथम पटक प्रकाशित भएको मिति २०७६।०४।३१**

यस चामुण्डाविन्द्रासैनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ,जम्बुकाँध दैलेखले आर्थिक वर्ष २०७६।७७ को कार्यक्रम अनुसार यस नगरपालिकाको तपशिल बमोजिमका योजनाहरुको निर्माण कार्य गर्नु पर्ने भएकोले योग्य, फर्म ,संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको विवरण उल्लेखगरि यो वोलपत्रको सूचना आव्हान गरिन्छ ।

तपसिल

१) सिलवन्दी वोलपत्र फाराम पाईने स्थान र दस्तुर : चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय ,जम्बुकाँध दैलेख, दस्तुर रु ३०००।०० ।

२) सिलवन्दी वोलपत्रकोसाथमा कवोल अंकको २.५ प्रतिशतले हुने जमानत वापत धरौटी रकम नेपाल एसविआई बैंक ,शाखा कार्यालय चामुण्डा स्थित यस चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध दैलेखको धरौटी खाता नम्बर (३) ४१२९५२४१२०७००२ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन सम्मको मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

३) यो सूचना सार्वजनिक भएको मिति देखि २०७६।०५।२९ गते सम्म वोलपत्र फाराम सम्बन्धित आपूर्तिकर्ता वा अधिकारप्राप्त प्रतिनिधिले नविकरण गरेको निर्माण व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र ,अधावधिक नविकरण फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र ,मूल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN ) प्रमाणित प्रमाणपत्र, आर्थिक वर्ष ०७५।७६ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र सहित आ.व.०७४।७५ को कर चुक्ता प्रमाणपत्र पेश गरेपछि सिलवन्दी वोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

४) खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु (केरमेट नगरि टिपेक्स नलगाई केरमेट गर्नु परेमा सहीछाप गरि) स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि लाहा सिलवन्दी गरिएको वोलपत्र यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय जम्बुकाँध, दैलेखमा मिति २०७६।०५।३० गते दिनको दिउँसो १२:०० वजेभित्र बुझाउनु पर्नेछ ।

५)तोकिएको समय भित्र पेश भएका सिलवन्दी वोलपत्रहरु वोलपत्र दाता वा निजहरुको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा मिति २०७६।०५।३० गते दिनको २:०० वजे खोलिनेछ । वोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि सिलवन्दी वोलपत्र खोल्न कुनै वाधा पर्नेछैन ।

६) सिलवन्दी वोलपत्र खरिद गर्ने,पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्टसम्म कायम हुनेछ ।

७) सिलवन्दी वोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

८) यस सूचनामा उल्लेख नगरिएका विषयहरु प्रचलित ऐन तथा नियम बँमोजिम हुनेछ ।

९) सिलवन्दी वोलपत्रको कामको विवरण निम्नानुसार उल्लेख गरिएकोछ ।

| ठेक्का नम्बर | कामको विवरण | लागत रकम ( भ्याट वाहेक) | धरौटी जमानत रकम रु | फाराम दस्तुर |
|---|---|---|---|---|
| ०२।०७६।७७ | प्रहरी चौकी भवन निर्माण | रु २३,००,८८५।०० | कवोल अंक को २.५% | रु ३०००।०० |
| ०३।०७६।७७ | नगरपार्कमा पर्खाल, घण्ट स्टेण्ड, सडक तथा भवन निर्माण | रु ३३,६२,६३२।०० | कवोल अंक को २.५% | रु ३०००।०० |

नि.प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत